
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं २६ गते बुधबार ❑ 11 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरामा प्याराग्लाइडिङको सोलो उडान खुलाउन व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

पोखराका पर्यटन व्यवसायीले दुई वर्षदेखि बन्द रहेको यहाँ सञ्चालित प्याराग्लाइडिङको सोलो (एकल) उडान खुलाउन माग गरेका छन् ।



प्याराग्लाइडिङको सोलो उडान बन्द हुँदा विभिन्न देशबाट आउने पर्यटक निरास भएकाले यसको असर पर्यटन क्षेत्रमा परेको व्यवसायीको भनाइ छ । प्याराग्लाइडिङको सोलो उडान प्रतिबन्ध भए पनि व्यावसायिक उडान भने भइरहेको छ । नेपाल हवाई खेलकुद संस्था(ना)को २१औँ वार्षिक साधारणसभा तथा १०औँ अधिवेशनका अवसरमा मंगलबार आयोजित कार्यक्रममा पर्यटन व्यवसायीले उडान बन्द हुँदा नेपाली प्राविधिक खेलाडीको सीप क्षमता विकासमा असर पुगेको बताउनुभयो । पोखरामा विसं २०७९ असोज अन्तिममा नवौं राष्ट्रिय खेलकुदको दौरान ग्लाइडर दुर्घटनामा एक जना खेलाडीको मृत्यु भएपछि नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणले अनिश्चितकालका सोलो उडानमा प्रतिबन्ध लगाएको थियो । नेपाल हवाई खेलकुद संस्थाका अध्यक्ष सुनीलबहादुर भट्टराईले विभिन्न देशबाट सोलो उडानका पारखीहरु हरेक वर्ष पोखरा आउने गरे पनि अहिले आउन नपाएको बताउनुभयो । उहाँका अनुसार नेपाली पाइलटले प्याराग्लाइडिङको अभ्यास गर्न पाएका छैनन् । अध्यक्ष भट्टराईले उडान खुला गर्नका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणसँग निरन्तर माग गरे पनि पूरा नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "पोखरा पर्यटनको राजधानी घोषणा भइसकेको अवस्थामा सोलो उडान खुला गरेर पर्यटकीय गतिविधिहरु वृद्धि गर्नुपर्दछ भनेर माग गरिराखेका छौँ ।"

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बन्द भएको प्याराग्लाइडिङको एकल उडान खुलाउनुको विकल्प नभएको बताउनुभयो । "पोखरा पर्यटन राजधानी घोषित भएको छ । त्यसैले पनि यहाँ आउने पर्यटकलाई धेरैभन्दा धेरै सुविधा र पर्यटकीय गतिविधिहरुमा सहभागी गराउनुपर्दछ । सोलो उडानबाट पर्यटन विकासमा मद्धत पुग्नेछ", पहारीले भन्नुभयो । गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले व्यवसायीको माग पूरा गर्न सरकारले पहल गर्ने बताउनुभयो । उडान खुला गर्नका लागि नागरिक उड्डयन प्राधिकरणसँग छलफल गरिने उहाँले विश्वास दिलाउनुभयो ।

"पोखराको पर्यटनका लागि प्याराग्लाइडिङको धेरै महत्व छ । सोलो उडानलाई थप व्यवस्थित बनाउँदै प्रतिबन्ध हटाउने विषयमा सरकारले ध्यान दिनेछ", मन्त्री थापाले भन्नुभयो । विगतमा सराङकोट र तोरीपानीबाट प्याराग्लाइडिङ उडान हुँदै आएकामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनपछि सो क्षेत्रबाट विस्थापित भएर मान्द्रेढुङ्गाबाट उडान र पामेमा अवतरण क्षेत्र तोकिएको थियो । मान्द्रेढुङ्गा टाढा भएको र पर्यटकको आकर्षण घटे पनि व्यवसायीको मागअनुसार पुनःकेही समयपछि तोरीपानीबाट उडान हुँदै आएको छ । नेपाल हवाई खेलकुद संस्थामा हाल ६२ वटा प्याराग्लाइडिङ व्यावसायिक कम्पनी र पाइलट तीन सय ९९ जना आबद्ध छन् ।

## आदिवासी जनजाति कांग्रेसको मेरुदण्ड हो: प्रदेश सभापति शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले नेपाल आदिवासी जनजाति समुदाय कांग्रेसको मेरुदण्ड भएको बताएका छन् ।



नेपाली कांग्रेसको भातृ संस्था नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति गण्डकी प्रदेश समितिको पदस्थापन तथा सम्मान कार्यक्रममा बोल्दै शर्माले यस्तो बताएका हुन् ।

'कांग्रेस र जनजाति कुनै पृथक चिज होइन्, अलग होइनन्, कांग्रेस जनजाति हो, जनजाति भनेको कांग्रेस हो, कांग्रेस र जनजातिको सम्बन्ध नङ र मासुको जस्तै छ', सभापति शर्माले भने, '२००७ सालको आन्दोलन सुरु गर्दा धेरै जनजातिहरु इन्डियन, बिट्रिस आर्मीमा भर्ना भएका थिए उनीहरुलाई जोडेर मुक्ति सेना निर्माण गरेर उनीहरुलाई अगाडि सारेर २००७ सालको आन्दोलनको प्रारम्भ भएको हो, त्यसैले आदिवासी जनजाति कांग्रेसको मेरुदण्ड हो ।' प्रदेश सभापति शर्माले कांग्रेस लोकतन्त्र, प्रजातान्त्रिक पार्टी भएकाले गलत गर्ने नेताको खुलेर विरोध गरेपनि पार्टीको निर्देशनमा चल्दै आएको दावी समेत गरे । गण्डकी प्रदेशका अर्थमन्त्री एवम् नेपाली कांग्रेस लमजुङका सभापति डा. टकराज गुरुङले नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघले अन्य भातृसंगठनले महाधिवेशन गर्न नसक्दा समयमा नै महाधिवेशन गरेर पार्टीलाई सन्देश दिएको बताए ।

'संगठन निर्माण र विस्तारमा हामीले धेरै चुनौतीको सामना गर्दै आएका छौं, यो अवस्थामा नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघले तोकेकै समयमा महाधिवेशन गरेर पार्टीलाई सन्देश समेत दिएको छ, गुरुङले भने, 'यस महासंघले नेपाली कांग्रेसको अन्य भातृसंगठनलाई समेत समयमा नै महाधिवेशन गरेर पार्टीलाई थप बलियो बनाउन समेत सन्देश दिएको छ ।'

कार्यक्रममा नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघका केन्द्रिय अध्यक्ष ओमबहादुर घर्ति मगरले आदिवासी जनजातिका लागि पार्टीमा १७ बुँदे माग समेत राखेको बताए । 'नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति केन्द्रीय महासंघले काठमाडौंमा दुई दिन प्रशिक्षण कार्यक्रम राखेको थियो, त्यस कार्यक्रमबाट हामीले आदिवासी जनजाति समुदायको लागि१७ बुँदे माग पार्टीमा राखेका छौं', घर्तिले भने, 'हामीले राखेको १७ बुँदे मागमा पार्टी सभापति देखि महामन्त्रीद्धयसँग समेत छलफल गरेका छौं, हामीले द्धन्द्ध पनि मेटिने र पहिचान भेटिने गरी पार्टीमा माग राखेको छौं ।' कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघमा केन्द्रीय समिति र जिल्ला समितिलाई सम्मान र नवनिर्वाचित गण्डकी प्रदेश समितिलाई पदस्थापन समेत गरिएको थियो ।

कार्यक्रम नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष जीबहादुर गुरुङको अध्यक्षता र सचिव बुद्धिबहादुर थापाको सञ्चालनमा सम्पन्न भएको थियो ।

## चीनले आर्चरी, उसु र कुस्तीमा नेपाललाई सहयोग गर्ने

**रासस**
काठमाडौं, २५ भदौं

नेपालमा परम्परागत आर्चरी, उसु र कुस्ती खेलमा सहयोग गर्न चीनको युनानस्थित स्पोर्ट इन्स्टिच्युट अफ युनान विश्वविद्यालय, ट्रेडिसनल आर्चरी एशोसिएसन युनान र कुन्मिङ जेन्जी आर्चरी क्लबले प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल उसु महासङ्घ, मार्सल आर्ट अर्गनाइजेसन अफ नेपाल र राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधिसँग चीनको युनानमा भएको भेटमा युनान विश्वविद्यालयका प्रमुख तथा पदाधिकारीहरूले यस्तो प्रतिबद्धता जनाएको राष्ट्रिय खेलकुद परिषद्का सदस्य तथा नेपाल कुस्ती सङ्घका अध्यक्ष प्रकाशकुमार कुसारीले जानकारी दिनुभयो । छलफलमा नेपाल उसु महासङ्घका उपाध्यक्ष अभिषेकविक्रम शाह र उपमहासचिव तथा वरिष्ठ प्रशिक्षक राजीव महर्जन पनि सहभागी हुनुहुन्थ्यो । छलफल पश्चात् नेपालमा परम्परागत आर्चरी, उसु र कुस्ती खेलको विकासमा सहयोग गर्नेसम्बन्धी दुई पक्षबीच समझदारी पत्रमा हस्ताक्षर पनि भएको छ । समझदारीपत्रमा उसु महासङ्घका तर्फबाट उपाध्यक्ष शाह र ट्रेडिसनल आर्चरी एशोसिएसन युनान शाखाका अध्यक्ष कोङ उझ्फाङले हस्ताक्षर गर्नुभएको छ । एघारबुँदे समझदारीपत्रमा प्रशिक्षकहरूको आदानप्रदान गर्ने, नेपाली खेलाडीहरूलाई प्रशिक्षणका लागि विश्वविद्यालय र एशोसिएसनले अवसर दिने, वर्षमा न्यूनतम एक कार्यक्रम संयुक्त रूपमा गर्ने, नयाँ खेलाडी उत्पादनका लागि आवश्यक सहयोग गर्ने, परम्परागत आर्चरी र उसु तथा कुस्ती खेलको विकासका लागि सांस्कृतिक आदानप्रदान तथा सामाजिक जागरण गर्ने, प्रतियोगिताहरूमा सहभागिता गराउने तथा खेल जागरण अभियान समेत सञ्चालन गर्ने सहमति भएको छ । यो समझदारीले खेलसँगै सांस्कृतिक पर्यटनमा सहयोग पुग्ने उपाध्यक्ष शाहले बताउनुभयो । छलफलमा राखेप सदस्य कुसारीले चीनले नेपालको खेलसँगै खेल पूर्वाधारको क्षेत्रमा निरन्तर सहयोग पुऱ्याउँदै आएकामा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रहने अपेक्षा गर्नुभएको सङ्घले जनाएको छ । उपाध्यक्ष शाहले विद्यालय तहदेखि नै आर्चरी तथा उसु खेल सिकाउन सकिए एसियाली र दक्षिण एसियाली खेलकुदमा नेपालले राम्रो नतिजा ल्याउन सक्ने बताउनुभएको थियो । ट्रेडिसनल आर्चरी एशोसिएसनका अध्यक्ष कोङ, वाङ जोङपिन, वाङ फान समेतले नेपाल असल छिमेकी राष्ट्र भएको स्मरण गर्दै दुईपक्षीय सहयोग आदानप्रदानले जनस्तरमा झनै सम्बन्ध सुदृढ हुने बताउनुभयो ।

## सहारा क्लवले बार्षिकोत्सव मनाउने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

पोखराको सहारा क्लवले आफ्नो स्थापनाको २६ औं बर्ष गाँठमा विभिन्न कार्यक्रम गरी मनाउने भएको छ । क्लवले २६ औं बार्षिकोत्सवको अवसरमा सरसफाई, रक्तदान, पुरस्कार वितरण तथा सम्मान सहितको कार्यक्रम गरी मनाउने भएको क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो ।

यस वर्षको सहारा खेलकुद पत्रकारिता पुरस्कार परशुराम शर्मालाई प्रदान गरिने भएको छ । नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारीको संयोजकत्वमा गठित प्रतिभा छनोट समितिको बैठकले नेपाल टेलिभिजनका कास्की संवाददाता शर्मालाई छनोट गरेको हो । उक्त सिफारिस सहारा क्लब पोखराको बैठकले अनुमोदन गरेको क्लब महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिनु भयो ।

२०५० सालदेखि नेपाल टेलिभिजनमा आबद्ध शर्माले भिटोफ सम्मान, लेखनाथ पत्रकारिता पुरस्कार, तत्कालीन जिविसको पुरस्कार लगायत दर्जन बढी सम्मान तथा पुरस्कारबाट सम्मानित हुनु भएको छ । छनोट समिति सदस्यमा क्लब सल्लाहकार दीपेन्द्र श्रेष्ठ, खेलकुद पत्रकार मञ्च गण्डकी अध्यक्ष दीननाथ बराल, निवर्तमान अध्यक्ष हरिराम गुरुङ, पूर्व अध्यक्ष केशवबहादुर थापा, वरिष्ठ उपाध्यक्ष पूर्णबहादुर गुरुङ तथा पदेन सदस्यमा अध्यक्ष केशवराज बराल र महासचिव रामजीप्रसाद अधिकारी



बाँकी अन्तिम पृष्ठमा ▶▶



**स्वच्छ समाजको निर्माणमा सहभागी बनौ**

- ◆ सम्भव भएसम्म विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरौं,
- ◆ प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरौं,
- ◆ वनक्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
- ◆ हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरुको संरक्षण गरौं,
- ◆ नदी र खानीजन्य स्रोतको उत्खनन्लाई व्यवस्थित गरौं,
- ◆ भिरालो वा तटीय जमीन सुरक्षित गर्न बायो-इन्जिनियरिङ प्रविधिको प्रयोग गरौ,
- ◆ पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



# इन्टर रिकभरिङ फुटसलको पोखरा फेलोसिप च्याम्पियन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

पोखरामा सम्पन्न इन्टर रिकभरिङ फुटसल प्रतियोगितामा पोखरा फेलिसिप च्याम्पियन बनेको छ।

पोखरा महागरपालिका ४ गणेशटोलस्थित स्पोर्टस् क्यासलमा मंगलबार भएको फाइनल खेलमा लमजुङ फेलोसिपलाई ३-० गोल अन्तरले पराजित गर्दै पोखरा फेलोसिप च्याम्पियन बनेको हो। पोखराको जीतमा कुशल परियारले २ गोल गरे भने राजेश खाँडले १ गोलको योगदान दिए। उपाधिसँगै पोखराले



नगद रु ४० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो।

यस्तै उपविजेता बनेको लमजुङ फेलोसिपले नगद रु २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो। काठमाडौं, बुटबल, लमजुङ, बागलुङ लगायतका जिल्ला गरी कुल १५ टिमको सहभागिता रहेको सो प्रतियोगिताबाट पोखरा फेलोसिपका राजेश खाँड सर्वोत्कृष्ट खेलाडीका रुपमा पुरस्कृत भए। यस्तै उत्कृष्ट गोलरक्षकका रुपमा सोही टिमकै संजोग क्षेत्री घोषित भए भने, सर्वाधिक गोलकर्ताका रुपमा लमजुङ फेलोसिपका सरोज गुरुङ पुरस्कृत भए। प्रतियोगिताको विजेता तथा उपविजेता टोलीलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका कफि डि हिमालयका सञ्चालक शंकर गुरुङ, रिकभरिङ नेपालका निवर्तमान अध्यक्ष शिव न्यौपाने, युवा नेता आशिक गुरुङ, समाजसेवी विजया गुरुङ तथा सहयोगीदाताहरुले पुरस्कार वितरण गरेका थिए। लागुऔषध सेवनपछि रिकभरि चरणमा रहेका युवाहरुलाई सकरात्मक सन्देश दिने उद्देश्यसहित कुशल परियार र आविष्कार गुरुङले उक्त प्रतियोगिता आयोजना गरेका थिए।

# जिल्ला समन्वयमा कास्कीमा कार्यालयहरूको वार्षिक समीक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं



जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्कीका कार्यालयहरूबाट आर्थिक वर्ष २०८० -८१ मा सम्पादन भएका कामहरूको दुई दिने बार्षिक समिक्षा कार्यक्रम मंगलबार शुरु भएको छ।

कार्यक्रममा प्रदेश सभा सदस्य भिम बहादुर कार्कीले सेवा प्रवाह सहित बिकासका योजना थप प्रभाबकारी बनाउनेतर्फ ध्यान दिन आग्रह गर्नुभयो।

कार्कीले परम्परागत भन्दा उत्पादनमुखी प्रतिफल दिने कार्यक्रममा जोड दिन आग्रह गर्नुभयो। प्रभाबकारी कार्यान्वयनमा बिधमान कानुनी अप्ठ्यारा निराकरण गर्न सबैको पहल आबश्यक भएको भन्दै कार्कीले उत्कृष्ट प्रयासमा केन्द्रीत हुन आग्रह गर्नुभयो। सरकारका तहबिच प्रभाबकारी सहकार्य र समन्वयमा जिल्ला समन्वय समितिले कास्कीमा महत्वपूर्ण भुमिका खेलेको भन्दै कार्कीले आबश्यक थप ऐन कानुन निर्माणका लागि प्रदेश सभाबाट पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रदेश सभा सदस्य गणेशमान गुरुङले आम जनताको आबश्यकतालाई ध्यान दिदै सेवा प्रबाहमा ध्यान दिन आग्रह गर्नुभयो।

गण्डकी प्रदेश सभा सदस्य राजकुमारी भुजेलले बिनियोजित बजेटमा पुजिगत तथा बित्तिय खर्च विवरण न्यून हुनु गम्भीर समस्या भएको भन्दै त्यसतर्फ बिकासका नीति तथा योजना केन्द्रीत गर्न आग्रह गर्नुभयो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीका हरेक कार्यालयहरू उत्कृष्ट हुनु पर्ने भन्दै चालू आर्थिक बर्षका योजना निति कार्यक्रम प्रभाबकारी रूपले कार्यान्वयन गर्न आग्रह गर्नुभयो। समिक्षामा पोखरा महानगरपालिकाका उप मेयर मंजु देबी गुरुङ, रूपा गाउँपालिकाका प्रमुख नवराज ओझा, मादी गाउँपालिकाका अध्यक्ष देबिजङ गुरुङ, अन्नपूर्ण गाउँ पालिकाका उपाध्यक्ष चन्द्रकला अधिकारी, रूपाका उपाध्यक्ष लालसुब्बा गुरुङ, मादीका उपाध्यक्ष कल्पना गुरुङ, माछापुच्छ्रेका उपाध्यक्ष सिअधिकारी सहितले कास्कीका कार्यालयहरूको कार्य सम्पादनको स्तर र सेवा प्रबाहको सम्बन्धमा धारणा राख्नुभएको थियो। मंगलबार शिक्षा तथा समन्वय इकाइ, कृषि ज्ञान केन्द्र, सिचाइ तथा जलस्रोत ब्यबस्थापन आयोजना कार्यालय कास्की,घरेलु तथा पर्यटन कार्यालय, डिभिजन बन कार्यालय, स्वास्थ कार्यालय, बृहत जलाधार ब्यबस्थापन केन्द्र गण्डकी, डिभिजन बन कार्यालय, कास्कीका अन्नपूर्ण, माछापुच्छे, रूपा मादी गाउँपालिका सहित पोखरा महानगरपालिकाले आफ्नो कार्यालयको समिक्षा प्रतिबेदन प्रस्तुत गरेका थिए।

समिक्षामा कार्यालयहरूले बार्षिक स्वीकृत बजेट कार्यक्रम, बार्षिक लक्ष्य अनुसार भौतिक र बित्तिय प्रगती, कार्यान्वयनका उपलब्धि, समस्या र चुनौती सहित कामको नतिजामा सुधार सम्बन्धमा छलफल गरिएको थियो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

# अनेरास्ववियु (क्रान्तिकारी) गण्डकी अध्यक्षमा गुरुङ विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को विद्यार्थी सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी) गण्डकी प्रदेशको अध्यक्षमा त्रिदिप गुरुङ निर्वाचित हुनुभएको छ।

यही भदौ २३ गतेदेखि पोखरामा सुरु भएको दोस्रो प्रदेश सम्मेलनमा नयाँ नेतृत्व चयनका लागि भएको मतदानको आज बिहान सार्वजनिक मतपरिणामअनुसार गुरुङ एक सय ३७ मतसहित विजयी हुनुभयो।

उहाँका प्रत्याशी रामकृष्ण भट्टले ७१ मत ल्याउनुभयो। खुला उपाध्यक्षमा बसन्त भट्टचन (कास्की), सरोजवल्लभ भट्टराई (गोरखा), अशोक मरहठ्ठा (गोरखा) विजयी हुनुभयो। यसैगरी समावेशी उपाध्यक्षमा कुलबहादुर बुढा (बागलुङ) र महिला उपाध्यक्षमा सीता बराल(तनहुँ) निर्विरोध हुनुभएको छ। प्रमुख सचिवमा सुजन बाँस्तोला (कास्की) तथा सचिवमा खुलातर्फ प्रदीप ढकाल (गोरखा), विशद उपाध्याय(नवलपुर) र सन्दिप महतो(नवलपुर) निर्वाचित हुनुभयो। महिला सचिवमा जुना गुरुङ (लमजुङ), समावेशीमा दुर्गा विक (लमजुङ) र कोषाध्यक्षमा अनिल सुनार(बागलुङ) निर्विरोध हुनुभएको निर्वाचन समितिका संयोजक अधिवक्ता निर्मला क्रान्तिले जानकारी दिनुभयो। क्रान्तिकारीको प्रदेश समिति ७५ सदस्सीय रहेको छ।

सम्मेलनले ६५ सदस्य निर्वाचित गरेको र बाँकी १० जना मनोनित गरिने निर्वतमान अध्यक्ष सुदिन पौडेलले जानकारी दिनुभयो। निर्वाचन समिति सदस्यमा विपीन आचार्य र अमरदिप पराजुली रहनुभएको थियो।

# सहारा ...

रहनु भएको थियो।

यस्तै, सहारा उत्कृष्ट सदस्य सम्मान लिलबहादुर थापालाई प्रदान गरिने भएको छ। थापा क्लबमा २ कार्यकालसम्म सहकोषाध्यक्ष भएर काम गर्नु भएको थियो। सहारा फुटबल एकेडेमीको व्यवस्थापन समितिका सदस्य समेत हुनुहुन्छ। महासचिव अधिकारीको संयोजकत्वमा गठित प्रतिभा छनोट समितिमा बिनु राना र सुशील रिमाल सदस्य रहनु भएको थियो। यही भदौ ३० गते सहारा क्लब स्थापनाको २६ औं वार्षिकोत्सव अवसरमा पुरस्कार तथा सम्मान अर्पण गरिने क्लबले जनाएको छ।

# मुलुकको सार्वभौमसत्ता, अखण्डता र एकताको रक्षा गर्नु सेनाको प्रमुख कार्य: प्रधानसेनापति

**रासस**
काठमाडौं, २५ जेठ

प्रधान सेनापति अशोकराज सिग्देलले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय एकताको रक्षा गर्नु नेपाली सेनाको प्रमुख कार्य रहेको बताउनुभएको छ।

जङ्गी अड्डास्थित सभामण्डपमा सकलदर्जालाई आज पहिलो पटक सम्बोधन गर्दै उहाँले आफ्ना प्राथमिकता र आगामी कार्यदिशाबारे जानकारी गराउनुका साथै सकलदर्जालाई निर्देशन दिनुभएको थियो।

उहाँले भन्नुभयो, "नेपालको संविधान, नेपाली सेनाको मूलग्रन्थ, राष्ट्रिय सुरक्षा नीति, राष्ट्रिय प्रतिरक्षा नीति, नेपाली सेना दीर्घकालीन सोच-२०८७ लगायतलाई आधारमानी सङ्गठनको सुदृढीकरण गर्दै लगिनेछ।" प्रधान सेनापति सिग्देलले राष्ट्रिय सुरक्षाका लागि राष्ट्रिय संयन्त्रहरुको क्षमता सुदृढीकरणमार्फत समग्र राष्ट्रिय सोचमा आधारित विश्वसनीय र प्रभावकारी रणनीतिको आवश्यकता रहेको हुँदा देशको सुरक्षा, प्रतिरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा राज्यका सबै संयन्त्रहरुको साझा बुझाइ र समान धारणा विकास होस् भन्ने हेतुले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय निर्धारित समयमै सञ्चालनमा ल्याइने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले सेना र नागरिकबीचको सम्बन्धलाई थप प्रभावकारी बनाउनका लागि शिक्षा, स्वास्थ्य, कला संस्कृति र परम्पराको संरक्षण गर्न, पर्यावरण जोगाउन तथा राज्यका सम्पदाहरुको सुरक्षामा योगदान पुऱ्याउन सैनिक मर्यादालाई ख्याल राख्दै योजना तर्जुमा गरी कार्यान्वयन गरिने उल्लेख गर्नुभयो। राष्ट्रिय हित र सुरक्षालाई केन्द्रविन्दुमा राखी देशको परराष्ट्र नीतिलाई टेवा पुऱ्याउन सैनिक कूटनीतिलाई थप प्रभावकारी बनाउँदै लगिने उहाँको भनाइ थियो। प्रधानसेनापति सिग्देलले नेपाल सरकार र नेपाली सेनाको प्राथमिकतामा रहेको बङ्कर टु ब्यारेक योजना, लत्ताकपडा प्राप्ति एवं उत्पादनलगायतका कार्यलाई व्यवस्थित गर्दै लगिने जानकारी गराउनुभयो।उहाँलेकाठमाडौं-तराई/मधेस द्रुतमार्गलगायत अन्य सडक तथा करिडोर निर्माणमा कुनै पनि प्रकारको ढिला सुस्ती, अनभिज्ञता, अनियमिततालगायतका क्रियाकलाप अस्वीकार्य हुने बताउनुभयो। नेपाली सेनाका सबै युनिटमा प्रत्यक्ष प्रसारण गरिएको उक्त कार्यक्रममा रथीवृन्द, अधिकृत, पदिक तथा अन्य दर्जाहरुको उपस्थिति थियो।

# मादी नदीले बगाउँदा बालक बेपत्ता

**रासस**
दमौली, २५ जेठ

तनहुँको व्यास नगरपालिका-३ स्थित मादी नदीमा पौडी खेल्ने क्रममा बगाएर एक बालक बेपत्ता भएका छन्।

बेपत्ता हुनेमा व्यास नगरपालिका-३ देउरालीनगर बस्ने १५ वर्षीय रोनाल थापा रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। साथीहरुसँग पौडी खेल्न गएका उनलाई नदीले बगाएर बेपत्ता भएको र उनको खोजी भइरहेको प्रहरी नायब उपरीक्षक दीपक रायले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "नदीले बगाउने सम्भावित ठाउँमा आज खोजी गर्दा पनि बेपत्ता बालकलाई फेला पार्न सकिएको छैन। खोजी जारी छ।"

# स्वास्थ्य संस्थामा गर्भ परीक्षण गराउनेलाई अण्डा उपहार

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

यहाँको रुपा गाउँपालिकाले गर्भवतीको स्वास्थ्य परीक्षणदर वृद्धि गर्न स्वास्थ्य संस्थामा परीक्षणमा आउनेलाई प्रत्येकपटक एक क्रेट कुखुराको अण्डा वितरण कार्यक्रम सुरुआत गरेको छ।

'मापदण्डअनुसार गर्भजाँच गरौं, आमा र नवजात शिशुको स्वास्थ्य संरक्षण गरौं' भन्ने अभियानका साथ महिलामा पोषणको कमी हुन नदिन सो कार्यक्रम थालिएको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले बताउनुभयो। उहाँले भन्नुभयो, "गर्भवतीले आठपटक स्वास्थ्य परीक्षण गराउनुपर्छ। गाउँपालिकाका स्वास्थ्य संस्थामा परीक्षण गराउन आउने गर्भवतीलाई प्रत्येकपटक परीक्षण गर्न आउँदा एक क्रेट अण्डा दिने कामको सुरु गरेका छौँ। यसबाट मातृ शिशु मृत्युदर घटाउन र पोषणको सुनिश्चितताका लागि सहयोग पुग्नेछ।"

अध्यक्ष ओझाले महिलामा पोषणको काम पनि नहुने र मापदण्डअनुसारको नियमित परीक्षण कार्यक्रमसमेत प्रभावकारी हुने भएकाले अण्डा वितरण अभियान नै थालिएको बताउनुभयो। "स्वास्थ्य संस्थामा जान हिचकिचाउने गरेको अझै देखिन्छ। नियमित स्वास्थ्य संस्थामा गएर गर्भ परीक्षण गराउने बानी बसाल्न अण्डा उपहार कार्यक्रम ल्याएका हौँ। पालिकाका सबै गर्भवतीले तोकिएअनुसारको गर्भजाँच नगराउने गरेकाले यसप्रति महिलाको आकर्षण बढाउन अभियान सहयोगी हुने विश्वास लिएका छौँ", अध्यक्ष ओझाले भन्नुभयो।

गाउँपालिकामा एक वर्षमा दुई सय ३१ जना सुत्केरी हुने गरेको गाउँपालिकाको तथ्याङ्क छ। कार्यक्रमका लागि वर्षमा रु पाँच लाख बजेट खर्च हुने अनुमान गरिएको छ। गाउँपालिकाले यसका लागि आवश्यक बजेटको व्यवस्था गर्ने प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बरालले बताउनुभयो। उहाँले भन्नुभयो, "यो कार्यक्रम अत्यन्त महत्त्वपूर्ण छ।

विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार पालिकाभर गर्भवतीको परीक्षण कार्यक्रम प्रभावकारी बनाउने छौं। आवश्यक बजेट सबै स्वास्थ्य संस्थामा पालिकाले पठाउने छ।" नौ वडा रहेको रुपामा एक आधारभूत अस्पताल, चारवटा स्वास्थ्यचौकी र चारवटा आधारभूत स्वास्थ्य केन्द्र गरी नौवटा स्वास्थ्य संस्था छन्। सबै स्वास्थ्य संस्थामा सामान्य सुत्केरी गराउन सकिने गरी पूर्वाधार रहेको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख रामचन्द्र ओझाले बताउनुभयो।

# बिपीबारे अझै धेरै खोज, अनुसन्धान हुन जरुरी छ : सभापति देउवा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले महामानव बिपी कोइरालाको सन्दर्भमा अहिले पनि व्यापक अध्ययन र अनुसन्धान हुनुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

बिपी कोइरालाको एक सय ११औँ जन्मजयन्तीका अवसरमा पेसागत तथा बुद्धिजीवी विभाग, नेपाली कांग्रेसले आज आयोजना गरेको 'बिपीको समाजवाद : आजको सान्दर्भिकता' विषयक विचार गोष्ठीमा पूर्वप्रधानमन्त्री देउवाले बिपी कोइरालाले कुनै समयमा बोलेको विषय समयानुकूल परिवर्तन हुँदै जाने बताउँदै बिपीका बारेमा समयअनुसार खोज/अनुसन्धान गरी त्यसलाई विश्वसामु पुऱ्याउनुपर्ने बताउनुभयो। बिपी कोइरालाले छोडेको प्रजातान्त्रिक पद्धति र प्रजातान्त्रिक समाजवादलगायत विषयलाई आत्मसात् गर्दै अबका युवा पुस्ताहरु अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो। सभापति देउवाले भन्नुभयो, "समाजवाद मात्र होइन, प्रजातन्त्रसहितको समाजवाद हो, जसमा मानवीय मूल्य, मान्यता, मानवअधिकार सबैभन्दा महत्त्वपूर्ण कुरा हो।" प्रजातन्त्रविहीन समाजवाद हुन नसक्ने उहाँको भनाइ थियो। "कतिपय कुराहरु समयअनुसार परिवर्तन पनि हुन्छ, उतिबेला बिपी कोइरालाले गाई पाल्ने कुरा गर्नुभएको थियो, उतिबेला बाटो थिएन, तर अहिले गाउँका घरघरमा बाटो पुगेको छ, बिजुली पुगेको छ, बत्ती पुगेको छ, त्यसैले आजको दिनमा गाई पाल्नेभन्दा पनि डेरीबाट दूध वितरण गर्न सकिन्छ, डेरीबाटै घीउ उपलब्ध गराउन सकिन्छ", उहाँले भन्नुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# उपसभामुखले राजिनामा दिऊन

उपसभामुख इन्दिरा रानामगर काठमाडौंस्थित अमेरिकी दूतावासलाई आफूसहित ६ जनाको भिसाको अन्तर्वार्ताको समय मिलाइदिन लेखेको पत्रका कारण विवादमा परेकी छन । उपसभामुख सन् २०२३ फ्रेब्रुअरी २६ मा रानाले अमेरिकाको न्यूयोर्कमा आयोजना भएको 'एनजीओ सीएसडब्लु ६७' कार्यक्रममा आफूसहित अन्य पाँचजना सहभागी हुन जान लागेको र व्यस्त कार्यतालिका भएकाले भिसाको अन्तर्वाताको मिति मिलाइदिन दूतावासलाई पत्र लेखेकी थिइन् । उपसभामुखले लेखेको पत्रको बारेमा प्रतिनिधिसभा बैठकमा प्रश्न उठेको थियो । काङ्ग्रेस एमाले गठबन्धन सरकार बन्नु अघि नै संसद बैठकमा उपसभामुखको राजिनामा नामा मागिएको थियो ।राष्ट्रिय स्वतन्त्र पार्टीले उपसभामुखले अमेरिकी दुताबासलाई लेखेको पत्रको बारेमा ढाकछोप गरेका कारण यो विषय दलहरुको प्रतिष्ठाको विषय भएको छासत्तारुढ दलहरूले यसैलाई आधार बनाएर उनलाई हटाउने तयारी गरेका छन ।

खासगरी प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको रणनीति भने संवैधानिक परिषदमा बहुमतमा नभएका कारण उपसभामुखलाई हटाउन खोजेका हुन् । संवैधानिक परिषदमा बहुमतले निर्णय गरिन्छ । अहिले प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषदमा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभा अध्यक्ष, प्रतिपक्षी दलका नेता र उपसभामुख सदस्य रहने व्यवस्था छ । जसमा सदस्यहहरूमध्ये प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड', राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल र उपसभामुख इन्दिरा राना सरकारको विपक्षमा छन् ।

गत असार ३० गते प्रधानमन्त्री बनेपछि केपी शर्मा ओलीले प्रतिनिधिसभाबाट विश्वासको मत लिँदा दुईतिहाइ सांसदको समर्थन पाएका थिए । २७५ सदस्यीय प्रतिनिधिसभाको दुईतिहाइ बहुमतका लागि १८४ सांसदको समर्थन चाहिन्छ । यस्तोमा उनले उनले १८८ मत अर्थात दुईतिहाइ पाएका थिए। तर उपसभामुख राना हटाउने विषयमा दुईतिहाइ जुट्ने नजुट्ने टुंगो छैन । अहिले सरकारलाई कांग्रेस, एमाले, जनता समाजवादी पार्टी, जनमत पार्टी, जसपा नेपाल, लोकतान्त्रिक समाजवादी र नागरिक उन्मुक्ति पार्टीको समर्थन छ। संविधानको धारा ९१ को उपधारा ६ को (ग) मा उपसभाखुले पदअनुकूल आचरण नगरेको भन्ने प्रस्ताव प्रतिनिधि सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतबाट पारित भएमा उपसभामुख पद रिक्त हुने व्यवस्था छ।

संविधानको धारा ९१ को उपधारा ६ मा उपसभामुखको पद रिक्त हुने निम्न बमोजिमको प्रावधान छ । (क) निज प्रतिनिधिसभाको सदस्य नरहेमा । तर प्रतिनिधिसभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेका प्रतिनिधिसभाका सभामुख र उपसभामुख प्रतिनिधिसभाका लागि हुने अर्को निर्वाचनको उम्मेदवारी दाखिल गर्ने अघिल्लो दिनसम्म आफ्नो पदमा बहाल रहने छन्। (ख) निजले लिखित राजीनामा दिएमा, (ग) निजले पद अनुकूल आचरण नगरेको भन्ने प्रस्ताव प्रतिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भएमा । हाल सत्तामा रहेका दलसँग प्रतिनिधिसभाका १८८ सिट छन् । जुन दुईतिहाइ बहुमतभन्दा ४ सिट बढी हुन् । यदि सत्तारुढ सबै दल रानामगरलाई हटाउने पक्षमा उभिएमा प्रतिनिधि सभामा उनीविरुद्धको प्रस्ताव पारित हुने अवस्था छ । त्यो अवस्था आउन नदिन उपसभामुखले राजिनामा दिनु उचित हुन्छा प्रतिनिधिसभा बहुमत र दुई तिहाइ मत सत्तारूढ दलसँग भएको संख्यालाई रास्वपाले केही होइन भन्ने ठान्नु हुँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कालीगण्डकी करिडोर : पहिरो रोकथाम गर्न बैसरी अँधेरीखोलामा 'रक एङ्करिङ'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ भदौं

चीन-भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकमा जोखिम बनाएको म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ र ३ को सिमानामा पर्ने बैसरी अँधेरीखोलामा नयाँ प्रविधिको प्रयोग गरेर पहिरो रोकथाम गरिएको छ।

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकअन्तर्गत बैसरीको सडकमा पहिरो खस्न नदिनका लागि 'रक एङ्करिङ' र 'नेलिङ' गरिएको हो । बेनी-जोमसोम-कोरला सडक योजनाका सबइन्जिनियर सोहनजङ्ग कार्कीले सडक माथिको पहाडमा ड्रिलिङ गरेर रड राखी, कङ्क्रिट गरेर बेस बनाई पर्खाल निर्माणका साथै जमिन बग्न नदिन जाली राख्ने र वृक्षारोपण गरिएको जानकारी दिनुभयो । "पहिरो रोकथामका लागि हामीले नयाँ प्रविधिको प्रयोग गरिएको छ", उहाँले भन्नुभयो, "गत साउनको पहिलो हप्तादेखि थालिएको रक एङ्करिङ र नेलिङ गर्ने काम अन्तिम चरणमा पुगेको छ।" अँधेरीखोलाको पाखो बगेर सडकमा ढुङ्गा, गेगर खस्दा सवारीसाधन पुरिने, यात्रीको ज्यान जाने, घाइते हुने र सडक अवरुद्ध हुने समस्या थियो । गत वर्ष एकजनाको ज्यान गएको र एउटा सवारीसाधन पहिरोले पुरिएको थियो । गत असारमा गुडिरहेको इकोभ्यानमाथि पहिरो खसेर पुरिएको थियो । खोल्साको पानीले पहिरो बगाएर भेटिएको पहाडमाथि पर्खाल बनाएर खस्ने पहिरो रोक्ने संरचना बनाइएको सबइन्जिनियर कार्कीले बताउनुभयो । पहाडको डिलमा ८५ देखि एक दशमलव दुई मिटर गहिरो प्वाल बनाएर रड राखी दुई ठाउँमा ७७ दशमलव पाँच मिटर लामो एकदेखि एक दशमलव पाँच मिटर अग्लो कङ्क्रिट ढलान गरेको पर्खाल निर्माण गरिएको छ। पर्खालभन्दा माथिको पाखोमा बग्ने किसिमका ठूला ढुङ्गा पन्छाएर माटो, जाली बिछ्याएर खिर्रो, सजिवन, बाबियो र खरका बिरुवा रोपिएको निर्माण कम्पनी युवराज कन्ट्रक्सनकी सञ्चालक गौमती बुढामगरले बताउनुभयो।

"भिरमा ड्रिल गरेर प्याल पारी रड राख्ने र ढलान गरिएको हो", उहाँले भन्नुभयो, "पिठ्युमा निर्माण सामग्री ओसारेर पहिरोको जोखिमयुक्त भिरमा दैनिक ३० जना मजदुरले करिब दुई महिना लगाएर एङ्करिङ र नेलिङ गर्ने काम अन्तिम चरणमा पुगेको छ।" भूमिगत पानीका कारण सिर्जना भएको पहिरो रोकथामका लागि आयोजनाले गत वर्ष खोल्साको पानीले बगाएपछि केही समय रोकिएको पहिरो यसपालिको बर्खाको सुरु भएसँगै पुनः खस्न थालेको थियो। पहिरोको जोखिम रहेको अन्नपूर्ण गाउँपालिकाको लाटोखोला, बादरजुङ र काभ्रेभिर क्षेत्रमा पनि रक एङ्करिङ र नेलिङ प्रविधिको प्रयोग गरेर सडक विस्तार गरिएको आयोजनाका इन्जिनियर विष्णु चापागाईँले बताउनुभयो । विसं २०६३ मा नेपाली सेनाले मार्ग खोलेको बेनी-जोमसोम सडकको म्याग्दी खण्ड स्तरोन्नतिको क्रममा छ।

# निगलपानी क्षेत्रमा केन्द्रीय विद्युत् लाइन जोडियो

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

नेपाल विद्युत् प्राधिकरणले बाढी प्रभावित क्षेत्रमा केन्द्रीय लाइन पुर्‍याएको छ।

बडिगाड गाउँपालिका-१० मा बाढीले लघुजलविद्युत् बगाउँदा अन्धकारमा बस्दै आएका स्थानीयको सहजताका लागि केन्द्रीय लाइन पुर्‍याएको हो।

गत साउन २२ गते आएको बाढीले क्षति पुर्‍याएको बडिगाड -१० दर्लिङ, निगलपानीलगायत क्षेत्रमा केन्द्रीय विद्युत् पुर्‍याएको विद्युत् प्राधिकरणका कार्यालय प्रमुख इन्जिनियर पवन पौडेलले जानकारी दिनुभयो।

गत बुधबारदेखि अस्थायी कार्यालय सञ्चालन गरी एक सय ८२ मिटर वितरण गरिएको उहाँको भनाइ छ । यस क्षेत्रमा पहिले लघुजलविद्युत् आयोजनाबाट विद्युत् प्रयोग गर्दै आएकामा बाढीले पूर्ण रूपमा बगाएपछि सयौँ घरपरिवार अन्धकारमा थिए। बाढीले गाउँको धेरै स्थानमा क्षति पुर्‍याएको हुँदा गुल्मीको मुसिकोट, मालिका गाउँपालिका हुँदै दर्लिङमा लाइन जोडिएको प्रमुख पौडेलको भनाइ छ। गाउँमै पुगेर मिटर विरण गरेको केन्द्रले अतिविपन्न परिवारलाई निःशुल्क मिटरबक्स प्रदान गरेको उहाँको भनाइ छ । करिब आठ सय घरपरिवारमध्ये तीन सय ५० घरमा सेवा पुगेको र अन्य घरमा पोल मर्मतसम्भार गरिरहेको हुँदा दसैँ अगाडि लाइन पुर्‍याउने पौडेल बताउनुहुन्छ।

बडिगाड गाउँपालिका-१० का अध्यक्ष वीरेन्द्र बुढामगरले एक महिनादेखि अन्धकारमा हरेका दर्लिङवासी केन्द्रीय लाइन आएपछि उज्यालो पाएको बताउनुभयो । बाढीले गाउँमा धनजनसहित भौतिक पूर्वधारमा क्षति पुर्‍याएको उहाँको भनाइ छ। बाढीमा परी ११ जनाको मृत्यु भएको थियो भने एकजनाको अवस्था अझै अज्ञात छ।


## सार्वजनिक सूचना

पर्वत जिल्ला लेखफाँट-२ बस्ने चिरन्जीवी पौडेलको नाममा रहेको साविक अर्घौं-१ को हाल पोखरा महानगरपालिका वडा नं.-२७ मा रहेको कित्ता नं. ५४६६ को क्षेत्रफल ०-७-३-० भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा साँध सधियारा कसैलाई बाधा अड्चन पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।


# गर्भवती र सुत्केरीलाई तरकारीको बीउ वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

भीमसेन थापा गाउँपालिका-४ धावामा सुत्केरी र गर्भवतीको पोषण आहारमा सुधार ल्याउन पोषणयुक्त तरकारीको बीउ वितरण गरिएको छ । गाउँपालिकाको पोषण विशेष कार्यक्रमअन्तर्गत सुत्केरी तथा गर्भवतीलाई पोषणयुक्त तरकारीको बीउ वितरण गरिएको धावाँ स्वास्थ्यचौकीका प्रमुख गुणराज लामिछानेले जानकारी दिनुभयो ।

"सुत्केरी भएका तथा गर्भवती भएर १८ महिना पूरा नभएका वडाभित्रका सबैलाई विभिन्न १२ प्रकारका तरकारीका बीउ वितरण गरेका छौँ, हिँउदका बेला तरकारी अभाव हुने र बाहिरबाट ल्याएर खाँदा विषादी प्रयोग गरिएका तरकारी पर्न सक्ने भएकाले घरमै आफैँले उत्पादन गरेको पोषणयुक्त तरकारी प्रयोग गर्न सकियोस् भनेर पनि बीउ वितरण गरिएको हो", उहाँले भन्नुभयो । स्वास्थ्यचौकीले उनीहरूलाई हरियो सागसब्जी पालुङ्गोलगायत अन्य सागको बीउ, मुला, काउली, बन्दा, गाँजर, धनियाँ, डल्ले खुर्सानीलगायत तरकारीका बीउ उपलब्ध गराएको उहाँले बताउनुभयो । धावामा ६४ गर्भवती तथा सुत्केरीलाई षोषणयुक्त तरकारीको बीउ वितरण गरिएको हो । तीमध्ये ११ गर्भवती र ५३ सुत्केरी आमा छन्। "हरियो सागपात र गाँजरले सुत्केरी, शिशु तथा गर्भवतीलाई भिटामिन 'ए'को कमी हुन दिँदैन, त्यसबाहेक वितरण गरिएका अन्य तरकारीका बीउ पनि उत्तिकै लाभदायक छन्, स्वास्थ्यचौकी प्रमुख लामिछानेले भन्नुभयो, "आमा र बच्चाको पोषण स्थितिमा सुधार ल्याउन गाउँपालिकामार्फत नै कार्यक्रम बनाएर तरकारीको बीउ वितरण गरिएको हो।"

विषादी प्रयोग गरिएका तरकारीको खाँदा आमा र शिशु दुवैलाई बढी असर गर्ने भएकाले गाउँमा आफैँले उत्पादन गर्नसके विषादीको जोखिम नहुने उहाँको भनाइ छ । "हरियो तरकारी सागसब्जी र पहेँला फलफूलका साथै मौसमअनुसारको तरकारी उपभोग गर्दा आमा र बच्चालाई कुपोषण हुनबाट जोगाउन सकिने भएकाले पनि मौसमअनुसारको तरकारीको बीउ वितरण गरिएको उहाँले बताउनुभयो। तरकारीको बीउ लगाएको वा नलगाएको स्वास्थ्यचौकीले आवश्यक अनुगमन गर्ने योजना बनाएको उहाँ बताउनुहुन्छ । "वितरण गरिएका तरकारीको राम्रोसँग खेती गरेर उत्पादन गरे कुनै पनि गर्भवती तथा सुत्केरीलाई हिउँदमा तरकारीको अभाव हुँदैन", उहाँले भन्नुभयो।

# वन्यजन्तुका लागि सामुदायिक वनमा पोखरी

**पोखरापत्र संवाददाता**
दमौली, २५ भदौं

वनमा रहेका वन्यजन्तुलाई पानी पिउन सजिलो होस् भन्ने उद्देश्यसहित डिभिजन वन कार्यालय तनहुँले विभिन्न सामुदायिक वनमा पोखरी निर्माण गरेको छ । वनजङ्गमा हुने वन्यजन्तुका लागि लक्षित गरी कार्यालयले १० ठाउँमा पोखरी निर्माण गरेको हो।

आर्थिक वर्ष २०८०/८१ मा रु दश लाखको लागतमा दश ठाउँमा पोखरी निर्माण गरिएको सहायक वन अधिकृत काशीराज पण्डितले जानकारी दिनुभयो । मानव वन्यजन्तु व्यवस्थापनका लागि वनमा पोखरी निर्माण गरिएको पण्डितको भनाइ छ। वनमा पानीको स्रोत मासिँदै गएपछि घर छेउ पानी खोज्दै आउने वन्यजन्तुले मानिसलाई आक्रमण गर्न थालेपछि वन कार्यालयले पोखरी संरक्षण अभियान थालेको हो।

पण्डितले भन्नुभयो, "तनहुँमा केही वर्षयता चितुवाको बढी आतङ्क छ, जङ्गलमा पानीको स्रोत मासिँदै गयो, चितुवा पानी खोज्दै बस्ती पस्न थाल्यो ।" वन कार्यालयले थालेको यो अभियानलाई कतिपय स्थानीय तहले पनि अग्रसरता लिएर आफैले पोखरी निर्माण गर्न थालेका छन्। प्रत्येक सामुदायिक वनभित्र पोखरी भइदिए वन्यजन्तु जङ्गलमै बस्ने र बस्तीसम्म आउने सम्भावना कम हुने पण्डितको भनाइ छ।

यसैबीच कार्यालयले बन्दीपुर गाउँपालिका-५ थुम्कास्थित याम्पा सामुदायिक वनमा भएको अतिक्रमण हटाएको छ। वन क्षेत्र अतिक्रमण गरी छाप्रो बनाएको र आवादी गरेको ठाउँमा वन कार्यालयले सामुदायिक वन, वडाध्यक्ष र स्थानीयको सहयोगमा अतिक्रमित क्षेत्रको टहरा भत्काएको जनाएको छ।

### १५ वन्यजन्तुको उद्धार

यस्तै कार्यालयले गत आर्थिक वर्षमा १५ वन्यजन्तुको उद्धार गरेको छ । कार्यालयले रतुवा मृग, कोभ्राको बच्चा, अजिङ्गर, गिद्ध, कालो बाज, निरबिरालोको उद्धार गरेको डिभिजन वन कार्यालयका प्रमुख अशोककुमार श्रेष्ठले जानकारी दिनुभयो।

उद्धार गरिएका वन्यजन्तुलाई सुरक्षित बासस्थानमा छाडिएको उहाँले बताउनुभयो । उहाँका अनुसार विसं २०८० भदौ १९ गते व्यास नगरपालिका-३ दमौली अस्पताल नजिकबाट रतुवा मृग, विसं २०८० भदौ २६ गते व्यास-१ गल्वुबैंसीबाट कोभ्राको बच्चा, विसं २०८० असोज ५ गते ऋषिङ गाउँपालिका-१ झापुटारबाट रतृवा मृग, विसं २०८० मङ्सिर १० गते व्यास-१४ रुम्सीबाट अजिङ्गर, विसं २०८० पुस २० गते व्यास-५ मादीसेती दोभानबाट डङ्गर गिद्ध, विसं २०८० फागुन ९ गते म्याग्दे गाउँपालिका-७ बाट रतुवा मृगको उद्धार गरिएको छ।

त्यसैगरी विसं २०८० चैत १९ गते व्यास-१३ बाट अजिङ्गर, विसं २०८१ वैशाख १५ गते व्यास-१३ बाट कालो बाज, विसं २०८१ वैशाख २८ गते शुक्लागण्डकी नगरपालिका-८ बाट रतुवा मृग र विसं २०८१ जेठ १ गते शुक्लागण्डकी नगरपालिका-७ बाट निरबिरालोको उद्धार गरिएको श्रेष्ठले बताउनुभयो।

### चितुवाको आक्रमणबाट १५ को मृत्यु

तनहुँमा विगत सात वर्षको अवधिमा १५ बालबलिकाले चितुवाको आक्रमणबाट ज्यान गुमाएका छन् । आर्थिक वर्ष २०७४/७५ देखि चालु आर्थिक वर्ष २०८१/८२ को बीचमा चितुवाको आक्रमणबाट १५ जनाको मृत्यु भएको हो।

सोही अवधिमा २१ जना घाइते भएका छन् । आर्थिक वर्ष २०७४/७५ मा चितुवाको आक्रमणबाट एक, आर्थिक वर्ष २०७५/७६ मा तीनको मृत्यु र तीन घाइते, २०७६/७७ मा पाँचको मृत्यु र छ घाइते, २०७७/७८ मा एकको मृत्यु र चार घाइते, २०७८/७९ मा दुईको मृत्यु र दुई घाइते, २०७९/८० मा दुईको मृत्यु र दुई घाइते, २०८०/८१ मा चार घाइते र २०८१/८२ मा एक जनाको मृत्यु भएको छ।

# आयुर्वेद स्वास्थ्य केन्द्र पन्ध्र महिनादेखि सञ्चालक समितिविहीन

**पोखरापत्र संवाददाता**
दमौली, २५ भदौं

जिल्ला सदरमुकाम दमौलीस्थित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र विगत पन्ध्र महिनादेखि सञ्चालक समितिविहीन बनेको छ।

केन्द्रमा सञ्चालक समिति नहुँदा कार्यालयको खर्च व्यवस्थापन तथा बिरामीलाई थप सेवा विस्तारमा कठिनाइ भएको छ। समितिका तत्कालीन अध्यक्ष देवीबहादुर बस्नेतको कार्यकाल सकिएपछि नयाँ व्यवस्थापन समिति गठन नहुँदा आयुर्वेद केन्द्र सञ्चालनमा समस्या भएको हो। केन्द्रका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईंका अनुसार सञ्चालक समिति नहुँदा केन्द्रबाट नागरिकलाई प्रदान गरिने थप सेवा सुविधा प्रभावित भएको छ। उहाँका अनुसार टिकट शुल्क र सेवाबापतको रकम जम्मा गरिएपनि नयाँ सिर्जनशील र सेवा सुविधा विस्तार रोकिएका छन् । केन्द्रमा दैनिक ४० देखि ५० जना बिरामी उपचारका लागि आउने गरेका छन्।

उपचारमा आउने बिरामीमध्ये अधिकांश ग्याष्ट्रिक, बाथ र ज्वरोका हुने गरेका छन् । केन्द्रले प्रयोगशाला सञ्चालनमा ल्याएको छ । निरीक्षक चापागाईँले भन्नुभयो, "न्यून शुल्कमा प्रयोगशाला परीक्षण गर्ने सुविधा भएपछि बिरामीको चाप बढ्दै गएको छ।" गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले अध्यक्ष नियुक्त गर्न विलम्ब गरेकाले केन्द्रमा खर्च व्यवस्थापन तथा बिरामीका लागि थप सेवा सुविधा विस्तारमा कठिनाइ भएको उहाँको भनाइ छ। क्षारसुत्र, पञ्चकर्म, प्रयोगशाला र टिकट दस्तुरबापतको आम्दानीको पैसाबाट नयाँ काम तथा खर्च व्यवस्थापन गर्न नपाउँदा समस्या भएको केन्द्र प्रमुख डा नारायण श्रेष्ठले जानकारी दिनुभयो।

"हामीले पटक-पटक मन्त्रालयमा ताकेता गरिरहेका छौँ, कुनै सुनुवाइ भएको छैन्," उहाँले भन्नुभयो, "समस्या समधान नहुँदा काम गर्न कठिनाइ भएको छ।" प्रदेशका स्वास्थ्यमन्त्री परिवर्तन भएका कारण समस्या उत्पन्न भएको उहाँले बताउनुभयो । "मन्त्रालयबाट नीतिगत निर्णय हुने बित्तिकै यो काम अघि बढ्छ", उहाँले भन्नुभयो।

# डेङ्गु सङ्क्रमण तीव्र, जोगिने कसरी ?

रामबहादुर थापा
गण्डकी, २५ भदौ/रासस




गण्डकी प्रदेशमा डेङ्गु सङ्क्रमण तीव्र भइरहेका बेला उक्त रोगको सङ्क्रमणबाट जोगिन विशेष सावधानी अपनाउन चिकित्सकले सुझाएका छन् ।

सङ्क्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले उक्त रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गुबाट बच्ने उत्तम उपाय भएको उनीहरुको भनाइ छ । धौलागिरि उपप्रादेशिक अस्पतालका प्रमुख चिकित्सक रविरञ्जन प्रधानले डेङ्गु सङ्क्रमण हुँदैमा आत्तिहाल्नु नपर्ने बताउनुभयो । डेङ्गु सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकानजस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने उहाँको भनाइ छ । डेङ्गु भएमा आराम गर्ने, पानीलगायत झोलिलो प्रशस्त पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने प्रमुख चिकित्सक प्रधानले बताउनुभयो । गर्भवती र बालबालिकामा डेङ्गुको सङ्क्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तनसक्ने उहाँको भनाइ छ । "अधिकांश सङ्क्रमित सामान्य उपचारपछि निको हुन्छन्, कतिपयमा डेङ्गुले जटिलता ल्याउन सक्छ, सामान्य रोग हो भन्ने सोचेर लापरबाही गरेमा ज्यानै जोखिममा पर्न सक्छ", उहाँले भन्नुभयो ।

डेङ्गु सार्ने 'एडिस एजिप्टाइ' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने उहाँको भनाइ छ । डेङ्गुको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, टायर, भाँडाकुँडा, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गनुपर्ने प्रमुख चिकित्सक प्रधानले बताउनुभयो । हिमालपारिको जिल्ला मुस्ताङबाहेक प्रदेशका सबै जिल्लामा डेङ्गुको सङ्क्रमण पुष्टि भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । निर्देशनालयको तथ्याङ्कअनुसार गत पुसयता पाँच हजारभन्दा बढीमा डेङ्गुको सङ्क्रमण पुष्टि भएको छ । डेङ्गु सङ्क्रमणबाट कास्कीमा दुई र तनहुँमा एक जनाको मृत्यु भएको छ ।

तनहुँ, कास्कीलगायत जिल्ला डेङ्गु सङ्क्रमणबाट बढी प्रभावित छन् । पछिल्लो तीन महिनामा डेङ्गु सङ्क्रमणको दरलाई हेर्दा आगामी दिनमा सङ्क्रमणको जोखिम थप तीव्र हुने देखिएको जिल्ला स्वास्थ्य कार्यालय कास्कीका प्रमुख रामबहादुर नेपालीले बताउनुभयो । उहाँका अनुसार असारदेखि कात्तिकसम्म डेङ्गुको सङ्क्रमण बढी फैलने गर्छ । समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेङ्गुले महामारीको रुप लिन सक्ने प्रमुख नेपालीले बताउनुभयो । "डेङ्गुलाई सामान्य रुपले नसोचौँ, यसका अप्रिय उदाहरण हामीसँग छन्", उहाँले भन्नुभयो, "डेङ्गु भइसकेपछि अचाक्ली पीडा हुन्छ, उपचार र हेरचाह पुगेन भने स्वास्थ्य अवस्था जटिल बन्दै गएर बिरामीको मृत्युसमेत हुनसक्छ ।" डेङ्गु रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्ने प्रमुख नेपालीको भनाइ छ । यस रोगबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु सबैभन्दा उत्तम उपाय भएको प्रमुख नेपालीले बताउनुभयो । चार प्रकारको भाइरसबाट मानिसमा डेङ्गु सङ्क्रमण हुने गरेको उहाँले बताउनुभयो । उक्त लामखुट्टेले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गरेको उहाँको भनाइ छ । यो लामखुट्टेले दिनमा मात्र टोक्ने गरेको उहाँले बताउनुभयो ।सङ्क्रमण बढ्दै जान थालेपछि स्वास्थ्य मन्त्रालय, मातहतका स्वास्थ्य कार्यालय, स्थानीय तहलगायत निकायले लामखुट्टेको बासस्थान नष्ट गर्ने अभियान सञ्चालन गरिरहेका छन् । डेङ्गु फैलाउने उक्त लामखुट्टेको जीवनचक्र खल्बल्याउन 'खोज र नष्ट गर' अभियान सञ्चालन गरिएको हो । कास्कीको पोखरा महानगरपालिकासहित यहाँका स्थानीय तह समुदायमा सरसफाइ सचेतनासहित डेङ्गु रोकथाममा जुटेका हुन् ।

# वीपी कोइरालाको बाटो पछ्याउदै स्याङ्जा काँग्रेस

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २५ भदौ



नेपाली काँग्रेसले वीपी कोइरालाले अगालेको सिद्धान्त बिर्सदै गएको आरोप लागिरहेका बेला स्याङ्जा काँग्रेसले वीपीकै बाटो अवलम्बन गरेको छ । १११ औं वीपी जयन्तीको अवसरमा नेपाली काँग्रेस असाय, गरीब र बेसहाराको सहयोगी बनेर उदाहरणीय काम गरेको छ । नेपाली काँग्रेस स्याङ्जा सहित जिल्लाका विभिन्न पालिकाले अत्यन्तै रचनात्मक कार्य गरेर १११औं वीपी जयन्ती मनाएका छन् ।

विगतका वर्षहरुमा वीपी विचार गोष्ठि, वृक्षारोपण, सभा सम्मेलन गर्दै वीपी जयन्ती मनाउदै आएको नेपाली काँग्रेस स्याङ्जा यो पटक भने सामाजिक उत्तरदायीत्वका कार्य गरेर मनाएको स्याङ्जाका सभापति तथा संघिय सांसद राजु थापाले जानकारी दिए । वीपीको आदेश र सिद्धान्तलाई भुल्न हुदैन भन्ने मान्यता राखेर केही रचनात्मक कार्य गरेका छौं सभापति थापाले भने,'गरीव, जेहन्दार र असाहयको घरमा पुगेर सहयोग शुरु गरेका छौं ।' यो पटकको जन्मजयन्तीमा आर्थिक, खाद्यन्न र भौतिक निर्माण कार्यको शुभारम्भ गरेका हौं सभापति थापाले भने । नेपाली काँग्रेस स्याङ्जाले आफ्ना संस्थापक नेता वीपी कोइरालाको जन्मजयन्तीमा जिल्लाको एकमात्र बालगृह रहेको अमोर सेवा नेपालमा पुगेर खाद्यन्न सहयोग गरेको छ । स्याङ्जा काग्रेसका कार्यबहाक सभापति केदार काफ्लेको नेतृत्वमा पुगेर बालगृहमा ३० हजार बराबरको खाद्यन्न सहयोग गरेको छ । हरेक नेपालीको सानो घर होस, दुहुनु गाई होस र सानो रोजगारी पनि होस भन्ने वीपी कोइरालाको सोचलाई अवलम्बन गरेर यो पटक अनाथ बालबालिका रहेको बालगृहमा पुगेको काफ्लेले बताए । यसै गरी नेपाली काँग्रेस भीरकोट नगर समितिले अत्यन्तै गरीब माझी परिवारमा लत्ताकपडा सहित खाद्यन्न सहयोग गरेको जनाएको छ ।

भीरकोट ६ चिउरी निवासी प्रेमबहादुर माझीका परिवार विभिन्न पाटीपौवामा बसेर आफ्नो दैनिकी चलाउदै आएका थिए । उनको छोरा राजेन्द्र माझीको दुर्घट्नामा परेर निधन भएको बेला शोकमा रहेका माझी परिवारलाई वीपीको जन्मजयन्तीको अवसरमा खाद्यन्न सहित लत्ताकपडा सहयोग गरिएको नगर सभापति यामप्रसाद अधिकारी (लक्ष्मण) ले बताए । वीपीको जन्म जयन्तीकै अवसर पारेर माझी परिवारलाई २ कोठे सानो घर बनाइदिने समेत अधिकारीले बताए । नेपालमा प्रजातन्त्र चाहिन्छ भनेर लडेका काँग्रेसका संस्थापक नेता तथा नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाले अगालेको सोचलाई नेपाली काँग्रेस बिरुवा गाउँपालिकाले पनि अनुसरण गरेको छ । बिरुवा गाउँपालिका ५ किचनास स्थित पुष्पगाउँकी वेसहारा नानीमाया विकलाई घर बनाइदिने भएको छ । वीपी जयन्ती कै अवसर पारेर नेपाली काँग्रेस बिरुवा गाउँपालिकाले घरको शिलन्यास गरेको छ । नेपाली काँग्रेस स्याङ्जाका सभापति तथा संघिय सांसद राजु थापाले एक कार्यक्रमको आयोजना गरी घरको शिलन्यास गरेका हुन् । बन्न लागेको आवसीय घरका लागि टिनको छाना आफुले सहयोग गर्ने प्रतिवद्वता सभापति थापाले व्यक्त गरेको गाउँपालिका सभापति डोलराज पोखेलले बताए । भुकम्प र बाढी पहिरो पिडित बनेकी नानीमाया विक घरवार विहिन बनेकी थिइन् ।

सरकारले समेत साथ सहयोग नगरेका बेला काँग्रेस विकको सहयोगी बनेको छ । घर निर्माणको शिलन्यास गरेपछि धेरै खुशी लागेको उनले बताइन् । वीपी जयन्तीको अवसर पारेर नेपाली काँग्रेस स्याङ्जाले शुरु गरेको अभियानको कार्यकर्ताबाट समेत प्रशंसा भएको छ । काँग्रेस गरिबको घरमा पुनुपर्छ भन्ने सन्देश यो क्रियाकलापले दिएको भन्दै यस्ता कार्यको निरन्तरताको माग गरेका छन् । राजनीतिकदलहरु पनि यस्तो रचनात्मक कार्यक्रम शुरु गर्नुपर्छ भन्ने सन्देश काँग्रेसले दिएको छ । यो सबै राजनीतिकदलहरुले सिक्नु आवश्यक छ ।

# पाँच सयबढी भेडा र च्याङ्ग्रा हेर्ने हिमाली गोठाला

सन्तोष गौतम
म्याग्दी, २५ भदौ/रासस



सुन्तला रङको बाक्लो ज्याकेटमाथि मुस्किलले पानी छेक्ने पहेँलो प्लास्टिक ओढेका छन् । हातमा कहिल्यै नछुट्ने लठ्ठी र छेवैमा भोटे कुकुर छ । उनीभन्दा अलिक पल्तिर झण्डै पाँच सय च्याङ्ग्रा तथा भेडाको बथान नजिकै चरिरहेका छन् ।

धादिङका ६२ वर्षीय मेल्वा तामाङ च्याङ्ग्रा र भेडाका बथान लिएर हिमालतिर उक्लेको गत जेठ अन्तिमतिर हो । भेडा र च्याङ्ग्रा चराउँदै तिब्बत नजिकै पुगेर घर फर्कँदै गर्दा उहाँ केही दिनअघि मुस्ताङको दामोदरकुण्ड नजिकै भेटिनुभयो । "१८ वर्ष भयो यसैगरी गोठालो भई हिँडेको, दौतरीहरु कति विदेश त कति सहरतिर लागे", उहाँले भन्नुभयो, "मलाई त यही भिरपाखामै रमाइलो छ ।"

तामाङको दिनचर्या बिहानैदेखि राति अबेरसम्म भेडा र च्याङ्ग्रा स्याहार्दै बित्छ । लो-घेकर दामोदरकुण्ड गाउँपालिका-४ यारा र घारा गाउँका किसानका भेडाच्याङ्ग्रा चराउँदै छ हजार मिटरसम्मको उचाइमा पुगेर फर्किंदै गर्दा उहाँले सुनाउनुभयो ।

"काम खोज्दै दौतरीहरु विदेश र सहर पसे । म मुस्ताङमै रमाएँ, नपढेकाले जहाँ गए पनि गर्ने दुःखै रहेछ, मलाई यही ठीक छ", तामाङले भन्नुभयो, "मलाई विदेशको मरुभूमिभन्दा मुस्ताङकै भिरपाखा रमाइलो लागिरहेको छ ।" तामाङले गोठालो गरिएदिएबापत खाना र कपडाबाहेक वार्षिक रु एक लाख ५० हजार तलब पाउनुहुन्छ । यही आम्दानीले धादिङ फर्लाङमा रहेका श्रीमती र दुई सन्तान चलाउनुपर्छ । गोठालो जाँदा बास कहाँ बस्ने टुङ्गो हुन्न । कहिलेकाँही समयमै खाना खाने मेसो पनि पर्दैन । कहिले गोठ त कहिले ढुङ्गामुनी ओत लागेर रात काट्नुपर्ने बाध्यता छ ।

यसरी बर्खामा हिमालतिर उकालो लाग्ने गोठाला उहाँ एक्लो भने होइन । लो-घेकर दामोदरकुण्ड गाउँपालिका-४ याराका ५८ वर्षीय नवाङ गुरुङ पनि तीन वर्षयता गोठालो गरिरहेका छन् । सात वर्ष साउदी अरबमा काम गरेपछि उनी गोठालै भई काम गरिरहेका छन् । "बालबच्चाको लालनपालन र घरव्यवहार चलाउन बाध्यताले भेडा, च्याङ्ग्रा गोठाला बन्नुपरेको हो", उहाँले भन्नुभयो, "गरिबलाई दुःख नगरी जहाँ गए पनि हातमुख जोर्नकै लागि सङ्घर्ष गर्नुपर्ने रहेछ ।" गर्मी बढेपछि हिमाली क्षेत्रको चिसो हावापानीमा पलाएको पोसिलो घाँस खुवाउन लेकमा लगिएका भेडा, च्याङ्ग्रा, गाईभैँसी र चौँरी विस्तारै तल झार्नेक्रम सुरु भइसकेको छ । जेठको अन्तिम साता लेक उक्लिएका गोठालाहरु घुम्ती गोठ सार्दै जनावरहरुलाई बेंसीतर्फ लागेका छन् । दामोदरकुण्डमा भेटिएका मेल्वा र नवाङ जस्ता मुस्ताङका च्याङ्ग्रा गोठमा म्याग्दी, बागलुङ, धादिङ, रुकुम, रोल्पाका धेरै जना काम खोज्दै गोठाला बस्न पुग्छन् । दुःख र जोखिम धेरै हुने भएकाले किसान आफैं गोठमा बस्दैनन् । चार/पाँच वटा घर मिलेर एउटालाई तलब दिनेगरी गोठाला राखेर भेडाच्याङ्ग्रा पाल्ने गरिएको याराका टासी गुरुङले बताउनुभयो । "च्याङ्ग्रापालनबाट दसैं, तिहारजस्ता चाडपर्वमा सहर बजारमा पोसिलो र स्वादिलो मासु आपूर्ति गर्न सहयोग पुगेको छ", उहाँले भन्नुभयो, "च्याङ्ग्रा गोठालाका रुपमा कतिपयले रोजगारी पनि पाएका छन् ।" चरनका लागि भिरपाखा चहार्दै दौडिने भेडाच्याङ्ग्राको पछिपछि दौडिनुपर्ने गोठाला पेसा सजिलो भने छैन । बर्खामा गोठ लिएर लेकमा जाँदा तीन महिनासम्म परिवार र आफन्तसँग सम्पर्कविहीन भएर बस्नुपर्छ । भकारीले छाएको र बारेको गोठभित्र झरी र चिसो नभनी पाठापाठीसँगै रात कटाउनुपर्छ । त्यसमाथि जङ्गली जनावरको डर उस्तै । छुट्टी र बिदा हुने कुरै भएन । मोबाइल, रेडियोमा गीत सुन्दै डाँडापाखा डुल्ने गोठालाका सुरक्षाका लागि भोटे कुकुर भने साथैमा हुन्छन् । बारागुङ मुक्तिक्षेत्र, लो-घेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाका बासिन्दाको आम्दानीको मुख्य स्रोत भेडाच्याङ्ग्रापालन हो । हिउँदमा गाउँबस्ती नजिकै ल्याउने भेडाच्याङ्ग्राका लागि उपल्लो मुस्ताङका कृषक हिजोआज घाँसको जोहो गर्ने व्यस्त छन् ।

हिउँ परेको अवस्थामा चरनमा जान नसक्ने भएकाले च्याङ्ग्रालाई सुकाएको र साइलेज बनाएर राखेको घाँस खुवाउने गर्छन् । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मुस्ताङका अनुसार जिल्लाभर रहेका ६५ वटा ठूला फार्ममा ४८ हजार च्याङ्ग्रा पालिएका छन् । दसैं तिहारका लागि गत वर्ष रु २३ करोड मूल्य बराबरको करिब छ हजार च्याङ्ग्रा निकासी भएका केन्द्रको तथ्याङ्क छ ।

हिमचितुवा, ब्वाँसो र जङ्गली कुकुरबाट भेडा च्याङ्ग्रालाई बचाउन गाह्रो भएको लो-घेकर दामोदरकुण्ड गाउँपालिका-४ याराका पासाङ डेण्डुप गुरुङले बताउनुभयो । एक सय ५० वटा च्याङ्ग्रा पाल्नुभएका गुरुङले वार्षिक ४० वटा हाराहारीमा बिक्री गर्नुहुन्छ । उहाँले घरखर्चको मुख्य स्रोत यही भएको बताउनुभयो । जङ्गली जनावरले वर्षमा एउटै फार्ममा २० वटाभन्दा बढी भेडा च्याङ्ग्रा मार्ने गरेको सुनाउनुभयो । तीनदेखि चार वर्ष उमेरका च्याङ्ग्रा मासुका लागि बजार पठाइन्छ । हिमालमा पालिएका भेडा, च्याङ्ग्राको माग दसैंको समयमा सहर बजारमा ठूलो माग हुने गरेको छ ।

# ज्ञान गंगा स्कुल पोखरा-१४ मा ज्ञानभूमि बालक्लब गठन

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौ



पोखरा-१४ चाउथेमा अवस्थित ज्ञान गंगा स्कुलमा ज्ञानभूमि बालक्लब गठन गरिएको छ ।

क्लबको अध्यक्षमा संगम बि.क. लगायत सबै सर्वसम्मत चयन भएका छन् । यसैगरी उपाध्यक्षमा अभिषेक सुनार, सचिवमा अमन भुजेल, सहसचिवमा दिगेश भुजेल, कोषाध्यक्षमा दिपशिका भुर्तेल र सहकोषाध्यक्षमा दिप्ती भुर्तेल रहेका छन् । यसैगरी समितिका सदस्यहरुमा विनिश गुरुङ, अंगत गुरुङ, विश्वास परियार, रिदम गदाल, आयुष लामा, सन्दिप राई, सागर वि.क., रोशन शाह, युजिना भण्डारी, सिमुन रिजाल, युना गुरुङ, रोसिका हमैल, मनिषा गुवाजू र कृष्टी आले रहेकाछन् । क्लबको संरक्षकमा प्रधानाध्यापक शिला थापा रहनु भएको छ । उक्त क्लब ज्ञान दिने उद्देश्यले गठन गरिएको हो । बालबालिकालाई विद्यालय स्तरबाटै सामाजिक सेवामा लाग्न उत्प्रेणा गराउनु नै बाल क्लबको उद्देश्य रहेको छ । क्लबले समाजमा जनचेतामूलक कार्यक्रम गर्ने र विद्यालयमा बालमैत्री बनाउन पहल गर्नेछ । विद्यालयमा हुने विभिन्न किसिमका विद्यार्थीहरुको समस्या र समाधानको निम्ति पहल गर्नेछ यसका साथै विद्यालयको सरसफाई, खेलकुद, स्वास्थ्य एवं अनुशासनमा सक्रिय रहने मुख्य उद्देश्य रहेको छ । उक्त बाल क्लब गठन गर्न विद्यालयका सामाजिक शिक्षक एल.बि.घतानेले सहजकर्ताको रुपमा भूमिका खेल्नु भएको थियो भने क्लबको उद्देश्यको बारेमा उहाँले प्रकाश पार्नु भएकोथियो । सो अवसरमा विद्यालयका कोअर्डिनेटर शिव गौतम, विद्यालयका इसिए शिक्षक विष्णु पौडेल, नेपाली शिक्षिका उमा ढुंगाना, सिपिएस इन्चार्ज सुनिता आचार्य, नवराज गिरी लगायतको उपस्थिति रहेको थियो ।

# आरुघाट-आर्खेत-लार्के सडकखण्ड डेढ महिनादेखि अवरुद्ध

रासस
गोरखा, २५ भदौ

उत्तरी गोरखा जोड्ने एकमात्र आरुघाट-आर्खेत-लार्केभञ्ज्याङ सडकखण्ड झण्डै डेढ महिनादेखि अवरुद्ध भएको छ ।

गत साउन दोस्रो साता परेको अविरल वर्षाले धार्चे गाउँपालिका-७ स्थित खानीबेंसी खोलामा आएको भीषण बाढीले अवरुद्ध भएको सडक अझै सञ्चालन हुन नसकेको हो ।

आखेंतदेखि माछीखोलासम्म दुई ठाउँमा ठूलो पहिरो र बाढीले सडकमा क्षति पुगेको थियो । धार्चे गाउँपालिका र चुमनुब्री गाउँपालिकासम्म पुग्ने सो सडकखण्डकमा बाढी र पहिरोले क्षति पुऱ्याउँदा त्यस क्षेत्रका स्थानीयलाई आवतजावत गर्न समस्या परेको धार्चे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान सुनारले जानकारी दिनुभयो ।